# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, कात्तिक २ गते २०५० साल (संख्या २७

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले संस्था दर्ता ऐन, २०३४ को दफा ४ को उपदफा (३) र (४) को प्रयोजनको लागि स्थानीय अधिकारीले गरेको निर्णय उपर उजूरी सुन्ने र आदेश दिने अधिकारीमा यस मन्त्रालयका सचिवलाई तोकेको छ ।

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

### श्रम मन्त्रालयको सूचना

श्री ५ को सरकारले ट्रेड यूनियन ऐन, २०४९ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन, २०५० साल कात्तिक २ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
डा. प्रभा बस्नेत
श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

256

## लोक सेवा आयोगको सूचना

निजामती सेवा नियमावली, २०५० को नियम ७२ को खण्ड (क) को उपखण्ड (अ) र खण्ड (ग) को उपखण्ड (अ) को प्रयोजनको लागि बढुवा समितिको अध्यक्षमा र सोही नियमावलीको नियम ८३ को उपनियम (१) बमोजिमको उजूरी सुन्ने अधिकारीमा देहायको अधिकारी तोकिएको छः–

| कार्यालय | बढुवा समितिको अध्यक्ष | उजूरी सुन्ने अधिकारी |
| --- | --- | --- |
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग र निर्वाचन आयोगको राजपत्र अनंङ्कित पदका लागि । | सम्बन्धित आयोगको प्रशासन हेर्ने सह-सचिव वा सो सरहका राजपत्रांकित प्रथम श्रेणीको अधिकृत । | सम्बन्धित आयोगको सचिव । |
| मन्त्रिपरिषद् सचिवालय, संसद सचिवालय, राष्ट्रिय योजना आयोगको सचिवालय र मन्त्रालयहरूका राजपत्र अनंकित पदका लागि । | सम्बन्धित सचिवालय वा मन्त्रालयका प्रशासन हेर्ने सह-सचिव वा सो सरहका राजपत्रांकित प्रथम श्रेणीका अधिकृत । | सम्बन्धित मन्त्रालय वा सचिवालयको सचिव । |
| विभागहरूमा राजपत्र अनंकित श्रेणीका पदका लागि | सम्बन्धित विभागीय प्रमुख । | सम्बन्धित मन्त्रालयका सचिव । |
| केन्द्रीयस्तरका कार्यालयहरूका राजपत्र अनंकित पदका लागि । | कार्यालय प्रमुख । | " " |
| जिल्लास्थित कार्यालयहरूका राजपत्र अनंकित प्रथम श्रेणीको पद र जिल्ला प्रशासन कार्यालयको राजपत्र अनंकित पदका लागि । | जिल्ला न्यायाधीश । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तोकेको पुनरावेदन अदालतको न्यायाधीश वा रजिष्ट्रार । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
258

| | | |
|---|---|---|
| जिल्लास्थित अन्य कार्यालयको राजपत्र अनंकित द्वितीय र तृतीय श्रेणीको पदको लागि। | प्रमुख जिल्ला अधिकारी। | सम्बन्धित पुनरावेदन अदालतको रजिष्ट्रार। |

द्रष्टव्य:–

(१) साविकको निजामती सेवा नियमावली, २०२१ अनुसार गठित बढुवा समितिले गरेका सिफारिश उपर परेका वा पर्ने उजूरी साविकमा तोकिएको निकाय वा अधिकारीले नै निर्णय गर्नेछ।

(२) साविकमा बढुवा सम्बन्धमा कारवाही भएको तर सिफारिश हुन बाँकी रहेका कुराहरू सम्बन्धमा यस नियमावली बमोजिमको बढुवा समितिले कारवाही गरी सिफारिश गर्नेछ।

(३) जिल्लास्थित कार्यालय भन्नाले जिल्लास्थित क्षेत्रीय निर्देशनालय वा सो सरहको कार्यालय र अञ्चलस्तरीय कार्यालय समेत जनाउनेछ।

(४) सम्बन्धित पुनरावेदन अदालत भन्नाले बढुवा समितिको बैठक बस्ने कार्यालय रहेको जिल्लासँग सम्बन्धित पुनरावेदन अदालत सम्झनु पर्नेछ।

आज्ञाले,
आनन्दवल्लभ जोशी
लोक सेवा आयोगको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

255